**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**

मितिः ०६ अक्टुबर २०२५

समयः १८:५० - १६:०० बजे

**<u>मुख्य समाचार</u>**

१. प्रधान मन्त्री नरेन्द्र मोदीले आज मुम्बईमा ब्रिटेनका प्रधानमंत्री कीर स्टार्मरसँग भेटवार्ता गर्नुभयो।

२. भारी वर्षा र पैह्रोबाट भएको विनाशले उत्तर बंगाल क्षेत्रमा मृत्यु संख्या ३९ पुगेको छ।

३. प्राकृतिक आपदाले दार्जीलिङका चिया बगानहरूमा लगभग 50 करोड़ रुपियाँको नोक्सान भएको आशंका व्यक्त गरिएको छ।

४. लोकसभा सांसद राजु बिस्ट, राज्य सभा सांसद हर्षबर्धन श्रृङ्ला, जीटीए कार्यपाल अनित थापा लगायत बिभिन्न सघ सस्थाहरुले आज पहिरोग्रस्त क्षेत्रको परिभ्रमण गरेका छन।

५. पहिरोको जोखिमका कारण बन्द भएको प्रसिद्ध सन्दकफु ट्रेकिंग पर्यटकका लागि खुला गरिएको छ।

**<u>प्रधानमंत्री मोदी- ब्रिटेन प्रधानमंत्री</u>**

प्रधान मन्त्री नरेन्द्र मोदीले आज मुम्बईमा ब्रिटेनका प्रधानमंत्री कीर स्टार्मरसँग भेटवार्ता गर्नुभयो। बैठकमा व्यापार, रक्षा र सुरक्षा तथा महत्वपूर्ण प्रविधिको क्षेत्रमा भारत-बेलायत सम्बन्धलाई बलियो बनाउने विषयमा केन्द्रित थियो।प्रधान मन्त्री नरेन्द्र मोदीले भन्नुभयो भारत र ब्रिटेन स्वभाविक साझेदार हुन् र लोकतन्त्र, स्वतन्त्रता र विधिको शासन उनीहरूको सम्बन्धको आधार हो। मुम्बईमा ब्रिटेनका प्रधान मन्त्री कीर स्टार्मरसँग संयुक्त संवाददाता सम्मेलनलाई सम्बोधन गर्दै श्री मोदीले भन्नुभयो, दुवै देश विश्वव्यापी स्थिरता र आर्थिक वृद्धिका लागि प्रतिबद्ध छन्। भारत-ब्रिटेन विस्तृत आर्थिक एवम् व्यापार सम्झौताको बारेमा श्री मोदीले भन्नुभयो, यसले आयात लागत घटाउनेछ र युवाहरूका लागि रोजगारीका नयाँ अवसरहरू सिर्जना गर्नेछ।

**<u>उत्तर बंगाल आपदामा मृत्यु संख्या ३९</u>**

उत्तर बंगालको पहाड, तराई र डुवर्स क्षेत्रमा भारी वर्षा र पैह्रोबाट भएको विनाशको बीचमा विगत २४ घण्टामा थप तीन शव फेला परेपछि मृत्यु संख्या ३९ पुगेको छ। यो जानकारी राष्ट्रिय आपदा उद्धार बल (एनडीआरएफ) र दार्जिलिङ तथा जलपाइगढ़ी जिल्ला प्रशासनले दिएको हो। प्रशासनिक अधिकारीहरूले बताएका छन्, राहत र उद्धार कार्य जारी रहँदा मृत्यु संख्या अझै बढ्न सक्छ भने विगत २४ घण्टामा फेला परेका शवहरूको अहिलेसम्म पहिचान हुन सकेको छैन।यसैबीच, क्षेत्रको मौसम बिहिबारदेखि सामान्य भएकोले राहत, उद्धार र पुनर्निर्माण कार्यमा तीव्रता आएको छ। धेरै क्षतिग्रस्त सडकहरूको मर्मत गरिएको छ र लोकप्रिय यात्रा मार्गहरू, जसमध्ये प्रसिद्ध सन्दकफू ट्रेकिङ मार्ग पनि पर्यटकहरूको लागि पुनः खोलिएका छ|

**<u>पश्चिम बंगालमा- एसआईआर</u>**

पश्चिम बंगालमा चुनाउ आयोगद्वारा आगामी 15 अक्टोबरपछि विशेष मतदाता सूची पुनरीक्षण (एसआईआर) शुरू गरिने संकेतहरूबीच आयोगले राज्यका मुख्य निर्वाचन अधिकारी (सीईओ)- को कार्यालयलाई जिल्लाहरूमा कड़ा निगरानी तथा पर्यवेक्षण सुनिश्चित गर्ने निर्देश दिएको छ।यस सम्बन्धमा हिज कोलकातास्थित एक महत्वपूर्ण बैठक आयोजना गरिएको थियो।

एकजना अधिकारी अनुसार बैठकको अध्यक्षता उपनिर्वाचन आयुक्त ज्ञानेश भारतीले गरेका थिए। वैठकमा ईसीआईको केन्द्रिय टीम, पश्चिम बंगालका मुख्य निर्वाचन अधिकारी मनोज कुमार अग्रवाल, अधिकारीबर्ग तथा जिल्ला स्तरीय वरिष्ठ निर्वाचन अधिकारीहरूको उपस्थिति रहेको थियो।

**भाजपा -विधायकमाथि भएको हमलाको जाँच**

भारतीय जनता पार्टी (भाजपा) -का लोकसभा सदस्य खगेन मर्मू औ पश्चिम बंगाल विधानसभामा पार्टीका मुख्य सचेतक शंकर घोषमाथि भएको हमलाको जाँच राष्ट्रिय जाँच एजेन्सी (एनआईए) मार्फत गराउने मागलाई लिएर आज कलकत्ता उच्च अदालतमा याचिका दर्ता गरियो। अदालतले उक्त याचिकालाई स्वीकार गरेको छ जसमाथि आगामी साता सुनवाई हुने सम्भावना छ। गत सोमवार अपरान्ह जलपाईगुड़ी जिल्लाको बमुनडांगा क्षेत्रमा तृणमूल कंग्रेस (टीएमसी) समर्थकहरूद्वारा कथित रूपमा भाजपा सांसद तथा विधायकको लावा-लस्करमाथि हमला गरिएको थियो।

**दार्जिलिङको चिया**

उत्तर बंगालमा भारी वर्षाले निम्ताएको बाढ़ी अनि पैह्रो जस्ता प्राकृतिक आपदाले दार्जीलिङका लगभग 30-35 वटा चिया बगानहरूमा व्यापक क्षति पुऱ्याएको छ। यस आपदाको कारणले चिया उत्पादन, श्रमिकहरूको घर, सड़क मार्ग आदिलाई ठूलो क्षति पुगेको छ। उद्योगसित सम्बन्धित मानिसहरू अनुसार अहिलेसम्ममा लगभग 50 करोड़ रुपियाँको नोक्सान भएको आशंका व्यक्त गरिएको छ। दार्जिलिङका चिया उत्पादकहरूले बताए, धेरै वटा चिया बगानमा चियाका बुट्टाहरूलाई पूर्ण रूपले बगाएको छ जसबाट बगानको उप्जाऊ भूमि स्थायी रूपमा नष्ट भएको छ। उद्योगपति एसएस बगरियाले भने, उनीहरूको समूहका तीन वटा बगानहरू सहित सम्पूर्ण चिया उद्योगलाई भारी वर्षा र पैह्रोले न्यूनतम पनि 50 करोड़ रुपियाँको नोक्सान पुऱ्याएको छ।चामोंग टीका चेयरम्यान अशोक लोहियाले भने, दार्जिलिङका 71 वटा परिचालित चिया बगानहरूमध्ये 50 प्रतिशत बगान पूर्ण रूपले प्रभावित भएको छ।

**सांसद राजु विष्टद्वारा पैह्रोग्रस्त क्षेत्रको निरीक्षण**

दार्जिलिङ संसदीय क्षेत्रका सांसद राजु विष्टले आज रंगबुल धोत्रे रंगमुक समष्टिको चन्द्रमानधुरा अन्तर्गत विभिन्न पैह्रो प्रभावित क्षेत्रहरुको निरीक्षण भ्रमण गर्नु भयो | यसावधि सांसद विष्ट सोनादाको ग्यारेज लाइन रोड भएर पचेङ हुँदै रंगमुक चियाबारी भएर चन्द्रमानधुरा पुग्नु भएको थियो |

**हर्ष**

आज दार्जीलिङ्ग वेलफेयर सोसाइटीका अध्यक्ष तथा राज्य सभा सांसद हर्षबर्धन श्रृङ्लाले दार्जिलिङको पहिरो प्रभावित क्षेत्रहरु पोख्रेबोङ, तामाकोशी, पुबुङ फाटक अनि टुक्रे लगायत यस परिसरको भ्रमण अनि अवलोकन गर्नुभएको। यस अवधि उहाँले यस पहिरोलाई राज्य सरकारले तत्काल आपदा घोषणा गरेर चाँडै पूर्वाधार निर्माणतर्फ कार्य गरिनु पर्नेमा जोड दिनुभयो भने प्रभावितहरु पुनर्निर्माणको निम्ति केन्द्र सरकारको पूर्ण सहयोग रहने बताउनु भयो।

**अनित थापा- तामाकोशी भ्रमण**

गोर्खाल्यान्ड क्षेत्रीय प्रशासनका प्रमुख कार्यपाल अनित थापाले गत ४ अक्टोबरको रात भारी वर्षा र बाढीले क्षतिग्रस्त बनेको सुकेपोखरी खण्डअन्तर्गतको प्रसिद्ध पर्यटनस्थल राङभाङ तामाकोशीको स्थलगत निरीक्षण गर्नुभयो । भ्रमणका क्रममा प्रमुख थापाले तामाकोशी क्षेत्रका बाढीपीडित परिवारहरू र होमस्टे सञ्चालकहरूसँग भेटघाट गरी क्षति अवस्थाको जानकारी लिनुभयो । सोही क्रममा उहाँले नजिकैको सियोक टुक्रे गाउँका बासिन्दाहरूसँग पनि भेटघाट गर्नुभयो। त्यसैगरी, टुक्रे बासिन्दाहरूको दीर्घकालीन माग रहेको पुल निर्माण गरिदिने बचन दिनुभयो।

**दार्जीलिङ पुलिस राहत**

दार्जीलिङ पुलिस एडिसनल एस पी देवराज दासको नेतृत्वमा एउटा टोली राहत सामग्री लिएर सियोक गुदामधुरा पुगेको छ। गत 4 अक्टोबरको दिन आएको पहिरोले सियोक गुदामधुरा तहसनहस पारेको थियो। यसै आपदकालिन स्थितिलाई मध्यनजर गरी दार्जीलिङ पुलिस एडिसनल एस पी देवराज दासले उक्त क्षेत्रमा आफू स्वयं उपस्थित रहेर राहत सामग्री उपलब्ध गराउनु भएको छ।

**विकरण**

सामाजिक कार्यमा सक्रिय सस्था विकरण फाउन्डेसनले बिहीबार पहिरोग्रस्त पुलबजार क्षेत्रको परिभ्रमण सगै राहत समाग्री वितरण गरेको छ। यसै क्रममा सस्थाले आज थाना लाइन क्षेत्रमा फाउन्डेशनका संस्थापक विक्रम राईको नेतृत्वमा किरण बी.के सहितको पाँच प्रभावित परिवारहरूलाई आवश्यक सरसमाग्री सहित तारपोलिन वितरण गरेका छन।

**संदकफू ट्रेकिंग मार्ग**

पहिरोको जोखिमका कारण बन्द भएको प्रसिद्ध सन्दकफु पदमार्ग अब पर्यटकका लागि खुला गरिएको छ । प्रशासनले मौसम सुधार हुनासाथ यो निर्णय गरेको हो, जसले स्थानीय पर्यटन उद्योगमा उत्साह जगाएको छ। लगातारको वर्षा र पहिरोका कारण आइतबार प्रशासनले सन्दकफु पदमार्ग अस्थायी रुपमा बन्द गरेको थियो । यसपछि ठूलो संख्यामा पदयात्रीहरूले आफ्नो बुकिङ रद्द गर्दै वैकल्पिक रूपमा सिक्किमतिर लागेक थिए। जसका कारण दार्जिलिङका टुर सञ्चालक, होमस्टे सञ्चालक र ल्यान्ड रोभरका चालकबीच गहिरो असन्तुष्टि देखिएको थियो ।